|

<u>अनुगमन प्रतिवेदन</u>

जिल्ला समन्वय समितिको कार्यालय, धुन्चे, रसुवा

नौकुण्ड गाउँपालिकाको वडा नं. ०४ को प्रशासनिक अनुगमन प्रतिवेदन

---

१. अनुगमन सम्पन्न स्थानः- नौकुण्ड गाउँपालिका वडा नं. ४, सरमथली

२. वडाको क्षेत्रफलः-, क्षेत्रफल- ७९.६७ वर्ग कि.मी. (नौकुण्ड गाउँपालिकाको सबैभन्दा ठुलो वडा)

३. जनसंख्याः- घरधुरी- ४९९, २६७० जना (२०७८ को जनगणना अनुसार)

४. सदरमुकाम केन्द्र सम्म पुग्न लाग्ने समयः पालिकासम्म हिडेर ३ घण्टा/ सवारी साधनमा ४५ मिनेट

५. बस्तीको संरचनाः- तामाङ (८०%), नेवार (१५-२०%), दलित दुई-तिन घर रहेको

६. मुख्य घनाबस्ती भएको स्थानः- सरमथली

७. मूल पेशाः- खेती, पशुपालन, रोजगारी

८. बजारको अवस्था/पुग्न लाग्ने समयः- त्रिशुली (सवारी साधनमा ३:०० घण्टा लाग्ने)

९. वडा स्थित कार्यालयहरु:-

- बिद्यालयः ५ वटा( निर्कुभूमे मा.वि., कालिका देवि प्रा.वि., भूमेश्वरी आधारभूत विद्यालय, गौरीशङ्कर आधारभूत विद्यालय, नमुना आधारभूत विद्यालय) रहेका।
- स्वास्थ्य इकाईः- १ वटा रहेको। (सरमथली आधारभूत स्वास्थ्य सेवा केन्द्र)
- कृषि कार्यालयः- पालिकाबाट सञ्चालन भैरहेको।
- स्वास्थ्य सेविकाः १० जना।
- अन्यः-

१०. वडामा कार्यरत पदाधिकारी/ कर्मचारीहरुः जम्मा १० जना

- निर्वाचितः ५ जना
- स्थायीः ४ जना
- करारः १ जना

११. दैनिक सेवाग्राहीको संख्याः- अनुमानित १० देखी १५ जनासम्म

१२. सामाजिक सुरक्षा प्राप्त गर्ने व्याक्तिको संख्याः- ४१२ जना

- ज्येष्ठ नागरिकः-१७४ जना
- दलित ज्येष्ठः- २ जना
- ज्येष्ठ एकल महिलाः-१४ जना
- बिधवाः- ३० जना
- पूर्ण अपाङ्गः- १३ जना
- अति असक्तः- ९ जना
- बालबालिकाः- १७० जना

१३. हाजिरी अवस्थाः- ई-हाजिरी (face ID) बिग्रेको। पालिकालाई जानकारी गराईएको।

१४. प्रदान गर्ने सेवाहरुः- व्याक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण र नविकरण, विविध, सिफारिस, कर संकलन, पञ्जिकरण आदि।

१५. प्रशासनिक भवनको अवस्थाः- आफ्नै भवन रहेको।

१६. आफ्नै भवन भए/नभएकोः- आफ्नै एकतला भवन भएको (वडा कार्यालय सरेको ६ महिना भएको) वडा कार्यालयको नाममा थप एक सामुदायिक भवन (हाल नमुना कृषि सहकारीलाई प्रयोग गर्न दिईएको।

१७. नागरिक वडापत्रको अवस्था र सो बमोजिम प्रदान हुने सेवाहरुको संख्याः- नागरिक वडापत्र भित्तामा भएको।
१८. स्थलगत अनुगमन गरिएका अन्य कार्यालयहरुः- सरमथली आधारभूत स्वास्थ्य सेवा केन्द्र, सरमथली।
१९. नया थालनी भएका कार्यहरुः-

- सामुदायिक भवनमा नमुना कृषि सहकारी संस्था रहेको,
- फालाकु हाईड्रोपावर (७ मेघावाट) र बेत्रावती हाईड्रोपावर (१४.५ मेघावाट) निर्माणाधीन अवस्थामा रहेको
- ३ सिजनमा मकै, धान र आलु हुने। वार्षिक खेतिलाई वडाबाट अनुदान दिईएको।
- कार्यालयमा दर्ता सम्बन्धी कार्यहरु सबै अनलाईन भएको
- सामाजिक सुरक्षा दर्ताका लागि घर घरमा कर्मचारी खटाईएको
- कफी जोन (सरमथली कफी, गोसाईकुण्ड कफी उद्योग) का लागि बडा बाट उत्प्रेरणा भएको।
- एक वटा दुध डेरी रहेको (सरमथली दुग्ध डेरी)- डेरीका सामान वडाबाट अनुदान, दुध उत्पादनमा मासिक प्रतिलिटर पालिकाबाट थप अनुदान दिने व्यवस्था रहेको)
- दुई वटा सामुदायिक भवन रहेको (एक वटामा मल, विउहरु व्यवस्थापनका लागि नमुना कृषि सहकारीसंस्था सञ्चालन र अर्कोमा विभिन्न महिला समुहद्वारा समय समयमा आवश्यकतानुसार बैठक सञ्चालन हुने)

२०. भिलेज प्रोफाइलः- नरहेको।
२१. विपद् म्यापिङ्गः- रहेको
२२. समस्या र व्यावधानहरुः-

- बत्ती गएमा सेवा अवरुद्व हुने,
- प्रहरी चौकी अथवा प्रहरी अस्थाई पोष्ट नरहेको,
- वडामा रहेको आयोजनाहरुको पालिकाबाट प्राथमिकिकरण नगरिएको,
- वेवसाईटमा वडाको सूचनाहरु अपलोड नगरिएको,
- जनशक्तिको अभाव रहेको (विगत ६ महिना देखि कार्यालय सहयोगी नरहेको, कृषि प्राविधिक नरहेको)
- वर्षाको समयमा गाडी चल्न समस्या हुने गरेको
- कृषि कार्यका लागि  कुखुराको सुली (वार्षिक रु.३ देखि ४ लाख बराबरको) नुवाकोटबाट भित्र्याउनु पर्ने
- कृषिका लागि वजार समस्या
- भान्सा प्रयोजनका लागि दाउरा र ग्यास (पचाँस पचाँस प्रतिशत) प्रयोग भएको,
- जङ्गली भालुको समस्या (असोज देखि पुस महिनासम्म) रहेको।


२३. निर्देशनहरु

- इ-हाजिरी तरुन्त सञ्चालन गर्ने,
- नागरिक वडापत्र सबैले दखे गरी कार्यालय भवन बाहिर राखे,
- कृषि हाट बजारको व्यवस्था गर्ने,
- तामाङ भाषामा समेत नागरिक वडापत्र राखे,
- वडाको आफ्नै प्रोफाइल बनाउने,
- प्राङ्गारिक मल उत्पादनका लागि कारखाना खोल्न थप पहल गर्ने।


अनुगमनको क्रममा खिचिएका तस्विरहरु




वडा कार्यालय अनुगमन पश्चातको सामुहिक तस्विर




वडा कार्यालयमा रहेको नागरिका वडापत्र



स्वास्थ्य चौकी अनुगमन पश्चात् सामूहिक तस्बिर



वडाकार्यालय बारे जानकारी लिने क्रममा



वडा स्तरीय अनुगमनका क्रममा वडा अध्यक्ष कर्मचारीसँग गरिएको छलफल



अनुगमन टोली द्वारा स्वास्थ्य चौकीको अनुगमन गर्दै